# राष्ट्रिय प्रकृति संरक्षण कोष
## शुक्लाफाँटा संरक्षण कार्यक्रम
## चाँदमारी, कञ्चनपुर
## सिलबन्दी बोलपत्र आहवानवानको सूचना
(प्रथम पटक प्रकाशित मिति २०८०/०६/०२)

यस कार्यालय परिसरमा लंगहाउस निर्माण (Longhouse Construction) कार्य सिलबन्दी बोलपत्रको माध्यमबाट गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त गरी मूल्य अभिवृद्धि करमा दर्ता भएका निर्माण व्यवसाय सम्बन्धी फर्म/कम्पनीहरूबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र रितपूर्वको सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

**तपशिल**

| ठेक्का नं | कार्य विवरण | स्थान | बोलपत्र जमानत (रू.) | लागत अनुमान मु. अ. कर बाहेक (रू.) |
|---|---|---|---|---|
| NTNC/SCP/NCB/work/080/081-01 | Construction of Longhouse | चाँदमारी, कञ्चनपुर । | ६८,५००.००/- | २४,७८,१४५.६४/- |

१. यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समय भित्र चालु आर्थिक बर्षको नविकरण गरेको फर्म ईजाजत पत्र, आयकर प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७८/०७९ को आयकर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपिहरु निवेदनसाथ संलग्न राखी सम्बन्धित पदाधिकारीको दस्तखत र कार्यालयको छाप लागेको सिलवन्दी बोलपत्र फारम रु. ३,०००।— (रु. तीन हजार) मात्र (फिर्ता नहुने गरी) तिरी राष्ट्रिय प्रकृति संरक्षण कोष, शुक्लाफाँटा संरक्षण कार्यक्रम, चाँदमारी, कञ्चनपुर र कोषको केन्द्रीय कार्यालय, खुमलटार, ललितपुरबाट खरिद गर्न सकिनेछ ।

२. यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र बोलपत्र फाराम खरिद गरि ३१ औं दिनको दिउसो १२ बजे भित्र सिलवन्दी गरी यस कार्यालयमा दाखिला गरि सक्नु पर्नेछ । बोलपत्र दाखिला राष्ट्रिय प्रकृति संरक्षण कोष, शुक्लाफाँटा संरक्षण कार्यक्रम चांदमारी, कञ्नपुरमा हुने छ ।

३. दर्ता हुन आएका सिलवन्दी बोलपत्र फाराम दाखिला गर्ने अन्तिम दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. आवश्यक मालसामान तथा निर्माण कार्यको विवरण (Specification) बोलपत्र फारामसाथ उपलव्ध हुनेछ । यसमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र वा टेलिफोन नम्बर ०९९-५२४७०३ मा सम्पर्क राख्न सकिने छ ।

५. सिलवन्दी बोलपत्रमा कबोल रकम अंक र अक्षर दुवैमा स्पष्टसंग लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

६. सिलवन्दी बोलपत्रको मान्य अवधि बोलपत्र दाखिला हुने अन्तिम मितिबाट ९० (नब्बे) दिनको हुनु पर्ने छ । सिलवन्दी बोलपत्र पेश गर्ने फर्म वा कम्पनीले तोकिएको बोलपत्र जमानत रकम मान्यताप्राप्त वित्तीय संस्थाबाट नियमानुसार १२० (एकसय बीस) दिनको मान्य अवधि रहने गरी यस कार्यालयको नाममा जारी गरेको बैंक जमानत (बैक ग्यारेण्टी) को सक्कल प्रति पेश गर्नु पर्नेछ वा यस यस कार्यालयको नबिल बैंक लिमिटेड, महेन्द्रनगर, कन्चनपुरको चल्ती खाता नम्बर २९०१०१७५००६४२ मा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

७. विड डकुमेण्टमा उल्लेख भएका आवश्यक कागजातहरु नभएको, रित नपुगेको, म्याद नाघी आएको, कुनै शर्त राखेको, बोलपत्र सिलवन्दी लाहाछाप भई नआएको, निर्धारित ढांचामा नभएको, बोलपत्रदाता वा नीजको प्रतिनिधिको सही तथा फर्मको छाप नभएको, अपुरो किसिमले भरिएको बोलपत्र उपर कुनै कारवाही हुने छैन । साथै सिलवन्दी बोलपत्रको खाम बाहिर फर्म वा सप्लायर्सको नाम, ठेगाना लेखी छाप समेत लगाउनु पर्नेछ र सिलबन्दी बोलपत्र भनी स्पष्ट संग लेख्नु पर्ने छ ।

८. सिलबन्दी बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन उक्त कार्य सोहि समयमा हुनेछ ।

९. सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१०. बोलपत्रको योग्यताहरु बोलपत्र फाराममा खुलाइएको छ ।

११. यो सूचनामा उल्लेख हुन छुट भएका व्यहोराहरु प्रचलित कानून अनुसार हुनेछन् ।

कार्यालय प्रमुख